# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७७।०७८
च.नं. ८८६

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय हर्दी, भण्डारा, चितवन बागमती प्रदेश, नेपाल २०७३

मिति २०७७।०४।३२

विषय : **सेवा प्रवाह सम्बन्धमा ।**

श्री विषयगत शाखा/वडा कार्यालयहरु (सबै),
राप्ती नगरपालिका, चितवन ।

पूर्वी चितवनका स्थानीय तहहरु राप्ती, खैरहनी, रत्ननगर र कालिका नगरपालिकाका प्रमुखज्यूहरुको मिति २०७७।०४।३२ गते बसेको संयुक्त बैठकले नगरपालिका क्षेत्रहरुमा कोभिड-१९ को जोखिम बढ्दै गएको अवस्थालाई मध्यनजर गरी आज मिति २०७७।०४।३२ राति १२ बजेदेखि मिति २०७७।०५।०५ गते राति १२ बजेसम्म लागू हुने गरी जिल्ला प्रशासन कार्यालय चितवनले निषेधाज्ञा जारी गरेकोले राप्ती नगरपालिका वा अन्तर्गतका कार्यालयहरुबाट गरिने अत्यावश्यक सेवा प्रवाहमा तपसिल अनुसार गर्नु/गराउनुहुन अनुरोध छ ।

**तपसिल**

१) वडा अध्यक्षज्यूहरुले वडा समितिका सदस्यज्यूहरुलाई समेत समन्वय गरी आ-आफ्नो वडाभित्रका संक्रमण सम्भावित क्षेत्रहरुमा सूचना सम्प्रेषण गर्ने, शंकास्पद व्यक्तिहरुको पहिचान गरी सम्बन्धितलाई स्वास्थ्य संस्थामा पठाउने, क्वारेन्टिनमा व्यवस्थापन गर्ने, होम क्वारेन्टिनको नियममित अनुगमन गर्ने, टोल विकास संस्थाहरु, टोलवासीहरु सबैलाई सतर्क भई घरभित्रै सुरक्षित रहन आह्वान गर्ने ।

२) स्वास्थ्यका सम्पूर्ण कर्मचारीहरुले नियमित रुपमा स्वास्थ्य संस्थामा उपस्थित भई सेवा प्रवाह गर्ने ।

३) शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको हकमा कार्यालयसँग नियमित समन्वय र सम्पर्कमा रहने र बोलाएको बखत कार्यालयमा उपस्थित हुने ।

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ :
श्री प्रमुखज्यू, राप्ती नगरपालिका ।
श्री उपप्रमुखज्यू, राप्ती नगरपालिका ।